# प्रदेश सभा

# अर्थ तथा विकास समिति

## वार्षिक प्रतिवेदन, आ.ब. २०७७/०७८




**प्रदेश सभा सचिवालय**

**गण्डकी प्रदेश**

**पोखरा, नेपाल**

**फोन नं. ०६१-५८२२५५**

Email: findevgandaki12@gmail.com

Web Site: pradeshsabha.gandaki.gov.np

# अर्थ तथा विकास समितिका माननीय सभापति, सदस्यहरु र कर्मचारीहरु

| <u>माननीय सभापति तथा सदस्यहरु</u> | <u>जिल्ला</u> | <u>सम्पर्क मोवाइल नं.</u> |
|---|---|---|
| माननीय सभापति दीपक कोइराला | कास्की | ९८५६०२३१६१ |
| माननीय सदस्य इन्द्रलाल सापकोटा | वाग्लुङ | ९८५११७६२१५ |
| माननीय सदस्य चन्द्रमोहन गौचन | मुस्ताङ | ९८५७६५००६० |
| माननीय सदस्य जनकलाल श्रेष्ठ | नवलपुर | ९८५७०४१२२९ |
| माननीय सदस्य डोबाटे विश्वकर्मा | तनहुँ | ९८४६०६२५१७ |
| माननीय सदस्य भागवत प्रकास मल्ल | स्याङ्जा | ९८५६०२८११० |
| माननीय सदस्य मीन प्रसाद गुरुङ | स्याङ्जा | ९८५६०२७६३६ |
| माननीय सदस्य विनोद के.सी. | म्यागदी | ९८५७६२४१४२ |
| माननीय सदस्य सरिता गुरुङ | तनहुँ | ९८५६०२८१२४ |
| माननीय सदस्य हरिशरण आचार्य | गोरखा | ९८५१००६१०४ |

**समितिका पदेन सदस्यहरु**

| | | |
|---|---|---|
| आर्थिक मामिला तथा योजना मन्त्री मा. किरण गुरुङ | तनहुँ | ९८५११२१७८२ |
| भौतिक पूर्वाधार विकास मन्त्री मा. रामशरण बस्नेत | गोरखा | ९८५६०४२७०१ |
| उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री मा. विकास लम्साल | पर्वत | ९८५७६३००६१ |
| भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री मा. लेखबहादुर थापा मगर | गोरखा | ९८५१०७०३३४ |

**समितिमा कार्यरत कर्मचारीहरु**

| | | |
|---|---|---|
| श्री रबिन्द्र घिमिरे, कम्प्युटर अधिकृत आठौं, समिति सचिव | तनहुँ | ९८४६१४७६७४ |
| श्री टंक प्रसाद शर्मा वाग्ले, अधिकृत छैठौं, समितिका अधिकृत कर्मचारी | स्याङ्जा | ९८४६०८७२५५ |
| श्री कमला पौडेल, अधिकृत छैठौं, समितिका अधिकृत कर्मचारी | कास्की | ९८४६१०२२५८ |
| श्री तोयानाथ तिमिल्सिना, अधिकृत छैठौं, समितिका अधिकृत कर्मचारी | कास्की | ९८४६१५३०५४ |

# समितिका माननीय सभापति एवं सदस्यहरुको विवरण



**मा. दीपक कोइराला, सभापति**



**मा. इन्द्रलाल सापकोटा, सदस्य**



**मा. चन्द्रमोहन गौचन, सदस्य**



**मा. जनकलाल श्रेष्ठ, सदस्य**



**मा. डोबाटे विश्वकर्मा, सदस्य**



**मा. भागवत प्रकाश मल्ल, सदस्य**



**मा. मिन प्रसाद गुरुङ, सदस्य**



**मा. विनोद के.सी. , सदस्य**



**मा. सरिता गुरुङ, सदस्य**



**मा. हरिशरण आचार्य, सदस्य**

# समितिका पदेन सदस्यहरु



**मा. किरण गुरुङ**

आर्थिक मामिला तथा योजना मन्त्री



**मा. रामशरण बस्नेत**

भौतिक पूर्वाधार विकास मन्त्री



**मा. विकास लम्साल**

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री



**मा. लेखबहादुर थापा मगर**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री

# समितिमा कार्यरत कर्मचारीहरुको विवरण



**रबिन्द्र घिमिरे**

समिति सचिव



**टंक प्रसाद शर्मा वाग्ले**

अधिकृत कर्मचारी



**कमला पौडेल**

अधिकृत कर्मचारी



**तोयानाथ तिमिल्सिना**

अधिकृत कर्मचारी

# सभापतिको मन्तव्य

माननीय सभामुख महोदय,

सर्वप्रथम सामन्ति, निरङ्कुश, केन्द्रीकृत एकात्मक राज्य व्यवस्थाका विरुद्ध, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनार्थ भएका जनयुद्ध, जनआन्दोलन. लगायत. विभिन्न. संघर्षहरुमा.आफ्नो प्राणको आहुती दिनु हुने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । सोही आन्दोलनहरुको क्रममा तत्कालीन राज्य व्यवस्थाद्धारा बेपत्ता बनाइनु भएका बेपत्ता योद्धाहरु प्रति विशेष सम्मान व्यक्त गर्दछु साथै ती महान योद्धाहरु छिट्टै सार्वजनिक हुने छन् भन्ने अपेक्षा पनि गर्दछु। एवं घाइते अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

माननीय सभामुख महोदय,

संघीय शासन व्यवस्थाको पृष्ठभूमिमा नेपालले परिकल्पना गरेको सुखी नेपाली र समृद्धि नेपालको अवधारणालाई मूर्तरुप दिन मुलुकमा सुशासन आवश्यक हुन्छ । विकास र समृद्धिले नै सुशासनलाई प्रत्याभूत गर्दछ । यस अर्थमा, सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था व्यवस्थापिका संसदमा मुलुकको समृद्धिका लागि Watch Dog को भूमिकामा काम गर्न विभिन्न विषयगत समितिहरु रहने व्यवस्था कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानमा गरिएको हुन्छ । नेपालको संविधानले सातै प्रदेशमा एक—एक वटा प्रदेश सभा र सो अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन गर्न सकिने व्यवस्था गरेको छ ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र सक्रियताले प्रदेश सभाको गरिमा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउनेछ।समितिको प्रभावकारितामा सभाको प्रभावकारिता निर्भर हुने हुँदा समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै सरकारलाई जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्दछ। समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति योजना कार्यक्रम बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै , आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुऱ्याउँदछन्।सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व विकास र समृद्धि हासिल गर्न समितिले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । संसदीय व्यवस्थामा समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने गर्दछन् ।

माननीय सभामुख महोदय,

हामीले ठुलो त्याग तपस्या र बलिदानका साथ ठुलो राजनीतिक परिवर्तन गऱ्यौं। एकात्मक, निरङ्कुश राज्यव्यवस्थाको स्थानमा संघीय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था स्थापना गऱ्यौं तर हाम्रो काम गर्ने कार्यशैलीहरुमा परिवर्तन गर्न सकिरहेका छैनौं, बजेट अन्तिम चौमासिकमा मात्र ठुलो खर्च गर्दछौं, काम गुणस्तरीय र समयमा सक्दैनौ, तुलनात्मक रुपले सुधार आएपनि यसलाई जनअपेक्षा र आजको आवश्यकता अनुसार हाम्रो कार्यशैलीमा परिवर्तन गर्नुपर्ने र प्रदेश सरकारको आफ्नो आन्तरिक आयमा बृद्धि गर्दै राजश्वको दायरा बढाउदै लैजानुपर्ने, चालु खर्च घटाउदै पुजीगत खर्च समयमा नै गर्नुपर्ने आवश्यकता देखिन्छ। यस तर्फ प्रदेश सरकार (सम्बन्धित मन्त्रालयहरु) को विशेष ध्यान जानेछ भन्ने अपेक्षा गर्दछु।

सरकारको काम कारवाहीलाई खाली औंला ठड्याउने, कमि कमजोरीका बारे प्रश्न गर्ने मात्र होइन रचनात्मक र सिर्जनात्मक रुपले सरकारका कामलाई (सम्बन्धित मन्त्रालय) व्यवस्थित गर्न सहयोग गर्नु पनि समितिको कर्तव्य हुन आउँछ । म विश्वास दिलाउन चाहन्छु कि आगामी दिनहरुमा समितिले सोही अनुसार आफ्नो कार्यहरु अझ व्यवस्थित र क्रियाशिल बनाउने छ साथै म अपेक्षा गर्दछु कि सरकार (सम्बन्धित मन्त्रालयहरु) ले पनि समितिका राय सल्लाह सुझाव एवं आवश्यक निर्देशनलाई अझ गम्भिरतापूर्वक लिई समयमा नै कार्यान्वयन गर्नेछन् ।

सरकार, सदन वा समितिहरु अन्तत: एउटै उद्देश्यमा केन्द्रित छन् । त्यो हो समृद्ध प्रदेश र सुखि नागरिकको नारालाई सार्थक बनाउनु। यो महान अभियानमा हामी सबै पक्षहरु एकताबद्ध भएर अघि बढौं भन्ने म विशेष अपील पनि गर्न चाहन्छु।

अन्त्यमा, यो समितिलाई अभिभावकत्व प्रदान गर्नुहुने माननीय सभामुख, माननीय उपसभामुख, समितिका माननीय सदस्यहरु, प्रदेश सरकार, सम्बन्धित मन्त्रालयहरु, प्रदेश सभाका सचिव एवं सचिवालयका सम्पूर्ण कर्मचारीहरु, मर्यादापालक एवं सुरक्षाकर्मीहरु, समितिको काम कारवाहीहरुलाई आम नागरिक समक्ष सु-सूचित गर्नु हुने संचारकर्मीहरु लगायत सबैलाई समितिको तर्फबाट हार्दिक धन्यवाद दिंदै गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ को उपनियम ७ बमोजिम सम्मानित सभा समक्ष यो वार्षिक प्रतिवेदन प्रस्तुत गर्दछु ।

धन्यवाद।

(दीपक कोइराला)
सभापति
अर्थ तथा विकास समिति

# विषय सूची


**माननीय सभापतिज्यूको मन्तव्य**

**अर्थ तथा विकास समितिका सभापति, सदस्यहरु तथा कार्यरत कर्मचारीहरु**

**परिच्छेद १**

**प्रारम्भिक**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समितिको गठन र कार्यक्षेत्र | २ |
| १.३ | समितिको काम, कर्तव्य र अधिकार | २ |
| १.४ | कार्यविधि र प्रकृया | ४ |
| १.५ | सिमा | ५ |
| १.६ | प्रतिवेदनको संरचना | ५ |

**परिच्छेद २**

**सम्पादित कार्यहरु**

| | | |
|---|---|---|
| २.१ | समितिको बैठक, निर्णय तथा निर्देशन | ६ |
| २.२ | स्थलगत अध्ययन अनुगमन तथा प्रतिवेदन | |
| २.२.१ | म्याग्दी तथा लमजुङ जिल्लाका योजनाहरुको स्थलगत अनुगमन | ११ |

**परिच्छेद ३**

**निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी**

| | | |
|---|---|---|
| ३.१ | निर्णय/निर्देशन कार्यान्वयको अवस्था | १९ |
| ३.२ | कार्य सम्पादनमा देखा परेका समस्या | २० |

**परिच्छेद ४**

**निष्कर्ष सुझाव र सिफारिस**

| | | |
|---|---|---|
| ४.१ | निष्कर्ष | २१ |
| ४.२ | सुझाव तथा सिफारिस | २१ |

**अनुसूचीहरु**

| | | |
|---|---|---|
| अनुसूची १ | अर्थ तथा विकास समिति कार्यविधि | २२ |
| अनुसूची २ | स्थलगत अध्ययन अनुगमनका केही तस्वीरहरु | २६ |

# परिच्छेद - १

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

संघीय शासन व्यवस्थाको पृष्ठभूमिमा नेपालले परिकल्पना गरेको सुखी नेपाली र समृद्धि नेपालको अवधारणालाई मूर्तरुप दिन मुलुकमा सुशासन आवश्यक हुन्छ । विकास र समृद्धिले नै सुशासनलाई प्रत्याभूत गर्दछ । यस अर्थमा, सार्वभौम जनताको प्रतिनिधिमुलक संस्था व्यवस्थापिका संसदमा मुलुकको सर्वाङ्गीण विकासका लागि Watch Dog को भूमिकामा काम गर्न विभिन्न विषयगत समितिहरु रहने व्यवस्था कुनै पनि लोकतान्त्रिक मुलुकको संविधानमा गरिएको हुन्छ । नेपालको संविधानले सातै प्रदेशमा एक—एक वटा प्रदेश सभा र सो अन्तर्गत विभिन्न विषयगत समितिहरु गठन गर्न सकिने व्यवस्था गरेको छ ।

मिनि पार्लियामेन्टका रुपमा चिनिने संसदीय समितिको प्रभावकारिता, कार्यकुशलता र सक्रियताले प्रदेश सभाको गरिमा र मर्यादा कायम गर्न सघाउ पुऱ्याउनेछ । समितिको प्रभावकारितामा सभाको प्रभावकारिता निर्भर हुने हुँदा समितिको क्रियाशिलता जति सशक्त हुन्छ त्यति नै सरकारलाई जनता प्रति उत्तरदायी र जवाफदेहि बनाउन बल पुग्छ । समितिले आफ्नो कार्यक्षेत्र भित्रका सरकारी निकायहरुको नीति योजना कार्यक्रम बजेट परिचालन आदिका सम्बन्धमा निगरानी गरी आवश्यक निर्देशन दिने गर्दछन् । त्यस्तै , आवश्यकतानुसार स्थलगत अनुगमन तथा कार्य उपलब्धिको मूल्याङ्कन गरी कार्यान्वयनको सिलसिलामा उत्पन्न समस्याको समाधानमा समेत सहयोग पुऱ्याउँदछन् । सुशासनको माध्यमबाट मुलुकमा स्थायित्व विकास र समृद्धि हासिल गर्न समितिले खेल्ने भूमिका महत्वपूर्ण हुन्छ । संसदीय व्यवस्थामा समितिहरुले सभाको अधिवेशन नचलेको अवस्थामा पनि आफ्ना काम कारवाही सुचारु रुपमा संचालन गर्ने, सरकारले गरेका विकास निर्माणको अनुगमन गरी सुधारका लागि आवश्यक सुझाव दिनुका साथै प्रदेशको समसामयिक घटनाक्रमको बारेमा पनि सुक्ष्म रुपमा छलफल गरी सरकारलाई आवश्यक सुझाव र निर्देशन दिने गर्दछन् ।

संविधानको धारा १९३ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी र जबाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि गण्डकी प्रदेश, प्रदेश सभा नियमाबली, २०७४ को नियम १४६ बमोजिमका विषयगत समितिहरु मध्ये अर्थ तथा विकास समिति एक महत्वपूर्ण समिति हो । यस समितिले आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था

कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषय क्षेत्रमा आवश्यक राय सल्लाह सुझाव तथा निर्देशन दिने कार्य गर्दछ ।

## १.२ समितिको गठन र कार्यक्षेत्र

संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सभाले नियमावली बमोजिम आवश्यकता अनुसार समिति वा विशेष समिति गठन गर्न सकिने प्रावधान रहेको छ । त्यस्तै प्रदेश सभा नियमाबली, २०७४ को नियम १४५ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारवाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह दिन समेतका लागि विषयगत समिति र विशेष समिति गठन गर्न सकिने छ भन्ने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुरुप नियम १४६ बमोजिमका कार्यक्षेत्र भएका देहायका विषयगत समितिहरु गठन गरिएका छन्।

१. विधायन समिति,

२. सार्वजनिक लेखा समिति,

३. प्रदेश मामिला समिति र

४. अर्थ तथा विकास समिति ।

प्रदेश सभा नियमावली, २०७४ अनुसार अर्थ तथा विकास समितिलाई तोकिएका कार्यक्षेत्रहरु निम्न छन् ।

- आर्थिक मामिला तथा योजना मन्त्रालय
- भौतिक पूर्वाधार विकास मन्त्रालय
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
- भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

उल्लेखित मन्त्रालयहरुका माननीय मन्त्रीहरु पदेन सदस्य रहने गरी सभामुखले कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभाको सहमती लिई प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ बमोजिमका पदेन सदस्य सहित बढीमा पन्ध्र जना सदस्यहरु समिति गठनका सन्दर्भमा मनोनयन गर्ने व्यवस्था रहेको छ ।

## १.३ समितिको काम, कर्तव्य र अधिकार

समितिको काम कर्तव्य र अधिकार सम्बन्धमा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेख गरिएको छ । उक्त नियमको उपनियम १ मा आफ्नो कार्यक्षेत्रको परिधिभित्र रही अर्थ तथा विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने व्यवस्था गरिएको छ ।

क) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायहरुको नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ख) मन्त्रालय, निर्देशनालय र अन्तर्गतका निकायको राजश्व र व्यय सम्वन्धि अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरीका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्वन्धमा सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

ग) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय—समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्धारा के—कस्ता कदम उठाएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

घ) विषयसँग सम्वन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।

ङ) सभाद्धारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम, संविधान, सम्वन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ वा छैन र सरकारद्धारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

च) प्रदेश सरकारद्धारा समय—समयमा गठन हुने छानविन आयोग/समितिद्धारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।

छ) मन्त्रालय, निर्देशनालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आबश्यक निर्देशन दिने ।

ज) बैठकले सुम्पेको अन्य काम गर्ने ।

झ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम संचालन गर्ने ।

उल्लेखित् काम, कर्तव्य र अधिकारको प्रयोग गरी कार्यसम्पादन गर्दा समितिले सम्वन्धित मन्त्रालय तथा निर्देशनालय, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत छलफल गर्न सक्ने, आफ्नो कार्यक्षेत्र अन्तर्गतको जिम्मेवारी सुव्यवस्थित ढंगले वहन गर्ने सन्दर्भमा आवश्यक कार्यविधि, कार्ययोजना र कार्यतालिका बनाई लागू गर्न सक्ने, समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृती लिई आवश्यक स्थानको भ्रमण गर्न सक्ने र बैठकमा प्रस्तुत गर्नुपर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगाबै र अन्य प्रतिवेदन जुनसुकै समयमा प्रस्तुत गर्न सक्ने जस्ता व्यवस्थाहरु रहेका छन् ।

## १.४ कार्यविधि र प्रक्रिया

नेपालको संविधान, प्रदेश सभा नियमावली, २०७४ र सो अन्तर्गत तर्जुमा गरिएको समितिको आन्तरिक कार्यविधि, २०७५ बमोजिम समितिले आफ्नो नियमित कार्य सम्पादन गर्दै आएको छ। समितिको कार्य सम्पादनको शिलशिलामा आवश्यकतानुसार प्रदेश सरकारका मन्त्री, सचिव, विभागीय प्रमुख, सम्बन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालाहरुलाई समिति समक्ष आमन्त्रण गरी छलफल र अन्तर्क्रिया गर्ने गरेको छ। बैठकमा निर्णय लिंदा सहमतीय प्रक्रियालाई जोड दिंदै आएको छ ।

समितिको बैठक सम्बन्धित समितिको सभापतिले आवश्यकतानुसार बोलाउन सक्ने, बैठकको सभापतित्व सभापतिले वा निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले गर्ने व्यवस्था छ । साथै समितिको गणपुरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनु पर्ने व्यवस्था रहेको छ ।

समितिको बैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिने, मत बराबर भएमा सभापतिले निर्णायक मत दिन सक्ने र समितिको निर्णय प्रमाणिकरण सभापतिले गर्ने व्यवस्था रहेको छ ।

सभापतिले उपयुक्त सम्झेमा समितिको आन्तरिक काम कारवाही सम्पन्न गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन समितिका सदस्यहरु मध्येबाट उपसमिति गठन गर्न सकिने व्यवस्था छ ।

## १.५ सीमा

समितिमा उपयुक्त सभाकक्ष, सभापतिको कार्यकक्ष, आवश्यक बजेट, अपेक्षित जनशक्ति, सूचना प्रविधि र तथ्याङ्क, अध्ययन अनुसन्धान, अन्तर समिति समन्वय, पर्याप्त स्थलगत अवलोकन भ्रमण, सदस्य र कर्मचारीको क्षमता अभिवृद्धि जस्ता पक्षहरु कार्य सम्पादनको सिलसिलामा सिमाको रुपमा रहेका छन् ।

## १.६ प्रतिवेदनको संरचना

प्रस्तुत प्रतिवेदनलाई चार परिच्छेदमा विभाजन गरिएको छ । परिच्छेद-१ मा प्रारम्भिक अन्तर्गत पृष्ठभूमि, समितिको गठन र कार्यक्षेत्र, समितिको काम कर्तव्य र अधिकार, कार्यविधि र प्रक्रिया, सीमा तथा प्रतिवेदनको संरचना उल्लेख गरिएको छ ।

परिच्छेद-२ मा सम्पादित कार्य अन्तर्गत समितिको बैठक, निर्णय तथा निर्देशन सम्बन्धी कार्य र अन्य कार्य प्रस्तुत गरिएको छ । त्यसै गरी परिच्छेद-३ मा निर्णय/निर्देशन कार्यान्वयनको अवस्था र कार्य सम्पादनमा देखा परेका समस्याहरु सम्बन्धमा उजागर गरिएको छ । त्यस्तै परिच्छेद-४ मा निष्कर्ष, सुझाव तथा सिफारिस बारे उल्लेख गरिएको छ। प्रतिवेदनको अन्त्यमा अनुसूचीहरु समावेश गरिएको छ ।

## परिच्छेद - २

# सम्पादित कार्यहरु

### २.१ समितिको बैठक, निर्णय तथा निर्देशन

आर्थिक वर्ष २०७७/०७८ मा जम्मा ९ बटा वैठक सम्पन्न भएका र यस अवधिमा सम्पन्न भएका बैठकहरुमा मूलतः प्रदेशका विभिन्न स्थानमा बाढि पहिरोबाट भएको क्षतिको उचित व्यवस्थापन, वार्षिक कार्ययोजना तयारी, ढुङ्गा गिटि वालुवा उत्खनन् विक्रि संचालन एवं क्रसर उद्योग स्थापना तथा संचालन र यसमा देखिएका समस्या सम्बन्धमा छलफल तथा अन्तर्क्रिया, वार्षिक विकास कार्यक्रम (रातो किताव) मा भएका आयोजना तथा वजेट पारदर्शी ढंगबाट संचालन गर्ने र सो सम्बन्धमा आवश्यकता अनुसार निर्देशन गरी प्रतिवेदन दिने जस्ता विषयमा केन्द्रित रहेका थिए ।

उल्लेखित सन्दर्भमा, समितिका सम्पन्न बैठक, गरिएका निर्णय र निर्देशनको विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

**बैठक संख्याः-३४**

**निर्णयहरुः**

- देशका विभिन्न स्थानमा अविरल बर्षाका कारण गएको बाढी पहिरोमा परि ज्यान गुमाउनेहरुप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो।
- बाढि पहिरोका कारण क्षति भएका संरचनाहरुको तुरुन्त निर्माण कार्य शुरु गर्ने बारे भौतिक पुर्वाधार मन्त्रालयसँग छलफल गर्ने।
- बाढि पहिरोका कारण क्षति हुन पुगेको कृषि क्षेत्र र राहत वितरण सम्बन्धमा भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसँग छलफल गर्ने।
- समितिको आर्थिक वर्ष ०७७/०७८ को बार्षिक कार्यक्रम निर्माण गर्ने।

**बैठक संख्याः-३५**

**<u>निर्णयहरुः</u>**

१. अविरल वर्षाका कारण प्रदेशभर भइरहेको भौतिक पुर्वाधारको क्षति र त्यसको पुनर्निर्माण सम्बन्धमा प्रदेश सरकारका भौतिक पुर्वाधार विकास मन्त्री माननीय रामशरण बस्नेतको समुपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। साथै बैठकमा समितिको तर्फबाट मन्त्रालयलाई निम्न विषयमा सुझाव तथा निर्देशन दिने निर्णय गरियो।

- वर्षाका कारण क्षति भएका संरचनाहरुले आवागमनमा नै बन्द भएका कारण सडक, पुललाई मर्मत गर्ने योजना निर्माण गर्ने र तुरुन्त सुचारु गर्ने,
- वर्षातका कारण नहर तथा कुलोको क्षतिका कारण कृषिजन्य कार्य रोकिएको हुँदा तुरुन्त मर्मत कार्य अगाडी बढाउने,
- वर्षातका कारण खानेपानी जस्तो आधारभुत आवश्यकता नै बन्द भइरहेको अवस्था भएकोले खानेपानी आपुर्तिको व्यवस्था तत्काल मिलाउने,
- दिर्घकालिन रुपमा निश्चित मापदण्ड बनाएर मात्र निर्माण कार्य थालनी गर्नुपर्ने,
- थालनी गरेको निर्माण कार्य पुर्ण रुपमा सम्पन्न गरेर मात्र अर्को निर्माण कार्यको थालनी गर्नुपर्ने।

**बैठक संख्याः-३६**

**<u>निर्णयहरुः</u>**

१. अविरल वर्षाका कारण प्रदेशभर कृषि क्षेत्रमा पुऱ्याएको क्षति र राहत सम्बन्धमा प्रदेश सरकारका भुमिव्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय लेख बहादुर थापा मगरको समुपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। साथै बैठकमा समितिको तर्फबाट मन्त्रालयलाई निम्न विषयमा सुझाव तथा निर्देशन दिने निर्णय गरियो।

- बाढि पहिरोका कारण कृषि क्षेत्रमा पुगेको क्षतिको यथाशिघ्र तथ्याङ्क सङ्कलन गरी कृषकहरुलाई अविलम्ब राहत वितरण गर्नुपर्ने
- साना सिँचाइ तथा बिग्रेका कुलो नहरहरुको मर्मत कार्य Fast Track बाट गर्नुपर्ने

**बैठक संख्याः-३७**

**निर्णयहरुः**

समितिको आर्थिक वर्ष ०७७/०७८ को बार्षिक कार्ययोजना समितिबाट पास गरी एक प्रति प्रदेश सभा सचिवालयमा जानकारीका लागि पेश गर्ने निर्णय गरियो ।

**बैठक संख्याः-३८**

**निर्णयहरुः**

१. बागलुङको बुर्तिवाङ लगायत देशका विभिन्न स्थानमा बाढी पहिरोमा परी ज्यान गुमाउनुहुनेहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गरियो।
२. कोभिड १९(कोरोना) भाइरसको संक्रमणमा पर्नुभएका गण्डकी प्रदेश सभाका सदस्य तथा विधायन समितिका सभापति माननीय मोहन प्रसाद रेग्मीको शिघ्र स्वास्थ्य लाभको कामना गरियो।
३. ढुङ्गा, गिटि, बालुवा, उत्खनन, बिक्रि, सञ्चालन एवं क्रसर उद्योग स्थापना तथा सञ्चालन र यसमा देखिएका समस्या सम्बन्धमा सरोकारवालाहरुसँग भर्चुअल अन्तर्क्रिया तथा छलफल गर्ने।

**बैठक संख्याः-३९**

**निर्णयहरुः**

ढुङ्गा, गिटि, बालुवा, उत्खनन, बिक्रि, सञ्चालन एवं क्रसर उद्योग स्थापना तथा सञ्चालन सम्बन्धमा देखिएका समस्याहरुबारे गण्डकी प्रदेश अन्तर्गतका जिल्ला समन्वय समितिका प्रमुखहरु, जिल्ला समन्वय अधिकारीहरु र प्रदेश अनुगमन समितिका सदस्यहरुबीच भर्चुअल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जसमा गण्डकी प्रदेश सरकारका माननीय उद्योग पर्यटन वन तथा वातावरण मन्त्री श्री विकास लम्सालले मापदण्ड विपरित सञ्चालन भएका क्रसर उद्योगहरुलाई मिति २०७७।६।१ गते देखि पुर्ण रुपमा प्रतिबन्ध लगाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

**बैठक संख्याः-४०**

**<u>निर्णयहरुः</u>**

ढुङ्गा, गिटि, बालुवा, उत्खनन, बिक्रि, सञ्चालन एवं क्रसर उद्योग स्थापना तथा सञ्चालन सम्बन्धमा देखिएका समस्याहरुबारे गण्डकी प्रदेश अन्तर्गतका क्रसर उद्योग रहेका स्थानीय तहका प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृतहरुसँग भर्चुअल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। जसमा उपस्थित स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरुले वर्तमान मापदण्ड अनुसार क्रसर उद्योग सञ्चालन गराउन कठिन भएकोले लागु गर्न सक्ने खालको मापदण्ड बनाइ त्यसलाई कार्यान्वयन गर्नुपर्ने धारणा.व्यक्त.गर्नुभयो।

**बैठक संख्याः-४१**

**<u>निर्णयहरुः</u>**

चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा समितिको कार्यक्षेत्रभित्र पर्ने मन्त्रालयका सचिवहरुको उपस्थितिमा बृहत छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। साथै बैठकमा समितिको तर्फबाट मन्त्रालयहरुलाई निम्न विषयमा सुझाव तथा निर्देशन दिने निर्णय गरियो।

- वार्षिक विकास कार्यक्रम( रातो किताब) मा भएका आयोजना तथा बजेट पारदर्शी ढंगबाट समयमा नै सम्पन्न गर्ने।

**बैठक संख्याः-४२**

**<u>निर्णयहरुः</u>**

पुर्व निर्णयानुसार मिति २०७६।८।२७ मा गठन भएको **वन व्यवस्थापन अध्ययन समिति**को म्याद २०७७ भाद्र सम्म थप्ने ।

**भर्चुवल बैठकहरु**

कोभिड-१९ को महामारी महिनौसम्म रहिरह्यो ।भौतिक रुपमा उपस्थित भई बैठक संचालन गर्न नसकिने अवस्था देखिएकाले समितिका केही बैठकहरु भर्चुवल रुपमा जुम (ZOOM) बाट पनि संचालन गरिएको थियो । जसमा मुख्य बैठकका विवरण यस प्रकार छन् :-

१. मिति २०७७।५।२४ गते दिनको १ बजे प्रदेश सभा सचिवालयको भिडियो कन्फ्रेन्स रुमबाट संचालन गरिएको भर्चुवल बैठक:

ढुङ्गा, गिटी, वालुवा उत्खनन, बिक्री, संचालन एवं क्रसर उद्योग स्थापना तथा संचालन सम्बन्धमा देखिएका समस्याहरुबारे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, ११ वटै जिल्लाका जिल्ला समन्वय अधिकारीहरु लगायतका सरोकारवालाहरुसँग भर्चुवल छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सो बैठकमा उद्योग पर्यटन वन तथा वातावरण मन्त्री र सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव तथा जिल्ला समन्वय अधिकारीहरु बीच गहन छलफल एवं अन्तरक्रिया भएको थियो ।

२. मिति २०७७।५।३१ गते दिनको १ बजे प्रदेश सभा सचिवालयको भिडियो कन्फ्रेन्स रुमबाट संचालन गरिएको भर्चुवल बैठक:

ढुङ्गा, गिटी, वालुवा उत्खनन, बिक्री, संचालन एवं क्रसर उद्योग स्थापना तथा संचालन सम्बन्धमा देखिएका समस्याहरुबारे पोखरा महानगरपालिकाका प्रमुख र प्रशासकीय अधिकृत तथा गण्डकी प्रदेशका विभिन्न नगरपालिका तथा गाउँपालिकाहरुका प्रमुख प्रशासकीय अधिकृतहरुसँग अर्थ तथा विकास समितिले संचालन गरेको भर्चुवल बैठकमा उल्लेखित विषयवस्तुमा व्यापक छलफल भएको थियो ।

## २.२ स्थलगत अध्ययन अनुगमन तथा प्रतिवेदन

### २.२.१ म्याग्दी तथा लमजुङ जिल्लाका योजनाहरुको स्थलगत अनुगमन र राय सुझाव संकलन कार्यक्रमको सम्बन्धमा समितिको प्रतिवेदन

गण्डकी प्रदेश, प्रदेश सभा नियमावली २०७४ को नियम १४६ अनुसार गठन हुने विभिन्न समितिहरु मध्ये अर्थ तथा विकास समितिको एक महत्वपुर्ण समिति हो। २०७५ बैशाख १६ गते कार्य प्रारम्भ गरेको यस समितिले हालसम्म ३७ वटा बैठक सम्पन्न गरिसकेको छ। समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालयहरुको कार्य सम्पादन मुल्याङ्कन गर्दै विभिन्न विषयमा आवश्यक राय सुझाव एवं निर्देशन दिने, स्थलगत अवलोकन भ्रमण गरी आवश्यक निर्देशन गर्ने कार्य गर्दै आइरहेको यस सम्मानित सभालाई अवगत नै छ। यसै सिलसिलामा अर्थ तथा विकास समितिले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न कामहरु सम्पादन गर्ने क्रममा मिति ०७७/०४/१५ गतेको निर्णय बमोजिम मिति

२०७७/०४/१८ गते म्याग्दी र मिति २०७७/४/२६ देखि २७ गते सम्म लम्जुङ्ग जिल्लामा हालैको अबिरल बर्षाका कारण भएको जन, धन, पुर्वाधार बिकासका योजनाहरुमा पर्न गएको क्षतिको अनुगमन गरी सम्बन्धित सरोकारवालाहरुको राय, सूझाव संकलन गरी सो सम्बन्धमा अर्थ तथा विकास समितिमा  छलफल गर्ने र सम्बन्धित निकायहरु तथा गण्डकी प्रदेश सरकारलाई आवश्यक राहतका लागि निर्देशन गर्न सभापतिको नेतृत्वमा मा. इन्द्रलाल सापकोटा, मा. चन्द्रमोहन गौचन मा. मिन प्रसाद गुरुङ्ग, मा. श्री विनोद के.सी, समितिका सचिव सिर्जना आचार्य तथा अधिकृत टंक प्रसाद वाग्ले सहितको टोलि म्याग्दी जिल्लामा र सभापतिकै नेतृत्वमा मा. डोवाटे बिश्वकर्मा, मा. सरिता गुरुङ्ग, मा.हरिशरण आचार्य, मा.मधुमाया अधिकारी गुरुङ्ग, समितिका सचिव सिर्जना आचार्य तथा अधिकृत तोयानाथ तिमिल्सिना सहितको टोलीले लमजुङ जिल्लामा स्थलगत अनुगमन भ्रमण सम्पन्न गरेको थियो।

स्थलगत अनुगमनको उद्देश्यः-

- म्याग्दी र लम्जुङ्ग जिल्लामा यसै बर्षको अबिरल बर्षाका कारण त्यहाँका पुर्वाधार, बिकास योजना र धन,जनमा पर्न गएको क्षतिको अवस्थाको बिषयमा स्थलगत अध्ययन, निरिक्षण र जाँचपड्ताल गर्ने,
- अबिरल बर्षाका कारण त्यहाँका पुर्वाधार, बिकास योजना र धन,जनमा पर्न गएको क्षतिको अवस्थाको बिषयमा छलफल गरि आईपरेका समस्याहरुका समाधानका वारेमा सरोकारवालाहरु सँग राय सुझाव लिने,
- योजनाहरुको कार्यसम्पादनको अवस्थाको बिषयमा स्थलगत अध्ययन, निरिक्षण, जाँचपड्ताल र अन्तर्कृयाको क्रममा स्थानीय जनताहरु, जनप्रतिनिधिहरु र सरोकारवालाहरु बाट प्राप्त गुनासो, राय, सुझाव संकलन गरि गण्डकी प्रदेश, अर्थ तथा विकास समितिमा छलफल गरी प्रदेश सभामा प्रतिवेदन पेश गर्ने र  सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

स्थलगत अध्ययन तथा अनुगमन (म्याग्दी)

गण्डकी प्रदेश, प्रदेश सभा,अर्थ तथा विकास समितिका सभापतिको नेतृत्वको टोलिले मिति २०७७/०४/१८ गते बेनी- जोमसोम मोटर बाटो लगायतका विभिन्न योजनाको अनुगमन गऱ्यो। अविरल वर्षाका कारण गएको पहिरोले बेनी जोमसोम सडक खण्डको रघुघाट खोला स्थित पुल र मुस्ताङ जिल्लाको थासाङ गाउँपालिका कैकु स्थित मोटरेवल पुल भत्कन पुगी मुस्ताङ जिल्लालाई सडक सञ्जालमा अन्य जिल्लाबाट विच्छेद गराएको थियो। त्यसैगरी उक्त सडक खण्डको म्याग्दी जिल्ला अन्नपुर्ण गाउँपालिका वडा नं ४ स्थित रुप्से छहरा, मुस्ताङ जिल्लाको थासाङ गाउँपालिका स्थित खहरेखोला लगायतका स्थानमा समेत पहिरोका कारण बाटो अवरुद्ध बन्न पुगेको छ। बाढी

पहिरोका कारण व्यापक धन जनको क्षति हुँदा सम्पुर्ण म्याग्दी तथा मुस्ताङ वासी जनता र गण्डकी प्रदेश सरकारको आर्थिक गतिविधिमा समेत प्रभाव पारेको देखिन्छ। उक्त पुलको निर्माण कार्य द्रुत गतिमा गरी छिटो भन्दा छिटो बाटो सुचारु गर्न समितिका माननीय सभापति दिपक कोइरालाले सम्बन्धित पक्षलाई आग्रह गर्नुभएको थियो।

यसैगरी जिल्ला समन्वय समिति म्याग्दीको सभाहलमा समितिका सभापति तथा सदस्यहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रदेश सभा सचिवालयका कर्मचारीहरु तथा पत्रकारहरु बीच विपद् र यसको निराकरणका लागि स्थानीय तह तथा प्रदेश सरकारले चालका कदमहरु, म्याग्दी जिल्लामा रहेका बिभिन्न बिकास निर्माणका योजनाहरुको बिषयमा विस्तृत अन्तर्क्रिया र छलफल कार्यक्रम समेत सम्पन्न भएको थियो।

स्थलगत अध्ययन तथा अनुगमन ( लमजुङ्ग)

गण्डकी प्रदेश, प्रदेश सभा,अर्थ तथा विकास समितिका सभापतिको नेतृत्वको टोलिले मिति २०७७/०४/२६ गते डुम्रे- बेसिसहर- चामे मोटर बाटो खण्डको बेसीसहर नगरपालिका ७ सहजी नजिकै पुमाखोला, वडा नं ६ खरखरे ,बेलौती विसौना, मस्र्याङदी गाउँपालिका वडा नं ४ घोप्टेभीर लगायतको ठाउँमा पहिरोले क्षति पुऱ्याएको सडक खण्डको निरिक्षण गऱ्यौं । घोप्टेभीरमा गएको पहिरोको कारण सडक संञ्जाल संग मनाङ सम्पर्कविच्छेद भएको छ ।उक्त स्थानमा बेलीब्रीज तथा अन्य बैकल्पिक व्यवस्था को माध्यमबाट तत्काल बाटो सुचारु गर्नुपर्ने अबस्था सृजना भएको छ। त्यसै गरी पहिरोका कारण मर्स्याङ्दी गा.पा.को पल्लोटारीमा रहेको २१ घर दलित बस्तिको बगाएर लगेकोले त्यहाँका जनता बिस्थापित भएका छन्।

त्यसैगरी लमजुङका प्रमुख जिल्ला अधिकारीको कार्यकक्षमा समितिका सभापति तथा सदस्यहरु, स्थानीय तहका प्रमुख तथा प्रतिनिधिहरु, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, डुम्रे -बेशीशहर -चामे सडकका आयोजना प्रमुख, पुर्वाधार विकास कार्यालयका प्रमुख, प्रदेश सभा सचिवालयका कर्मचारीहरु, सडक डिभिजन कार्यालय लमजुङका कर्मचारीहरु तथा पत्रकारहरु बीच विपद, यसले निम्त्याएको जोखिम र यसको निराकरणका लागि स्थानीय तह तथा प्रदेश सरकारले चालका कदमहरु, लमजुङ जिल्लामा रहेका बिभिन्न बिकास निर्माणका योजनाहरुको बिषयमा विस्तृत अन्तर्क्रिया र छलफल कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रममा माननीय सभापति दिपक कोइरालाले छिटो भन्दा छिटो बेलीब्रीज हालेर बाटो सुचारु गर्न डुम्रे- बेसीशहर -चामे योजनाका प्रमुलाई आग्रह गर्नुभयो। मनाङ र लमजुङका जनताको दैनिक जीवनस्तरमा प्रत्यक्ष असर परेकोले तिव्रगतिमा काम गर्न सुझाब समेत दिनु भएको थियो।

प्राप्त सल्लाह, सुझाव र निश्कर्ष

प्राप्त सल्लाह /सुझाव :-

- बि.सं. २०५१ सादेखि निर्माण कार्य थालनी भएको अति महत्वपूर्ण (डुम्रे- बेसिसहर- चामे मोटर बाटो) ले हालसम्म पनि पुर्णता पाउन नसक्दा आवागमनमा असहज भएको स्थानीय वासीको गुनासो
- भौतिक पुर्वाधार विकासका कार्यक्रमहरु बहुवर्षीय योजनामा समावेश नहुँदा विकास निर्माणले तिव्रता पाउन नसकेको
- देशमा राजनीतिक परिवर्तन पश्चात तीन तहको सरकार बनेतापनि निर्माण कार्यले तिव्रता लिन नसकेको जनगुनासो
- संघ ,प्रदेश र स्थानीय तहको क्षेत्राधिकार स्पष्ट किटान गरी निर्माण कार्य अगाडि बढाउनुपर्ने
- संघीय सरकार तथा प्रदेश सरकारले विकास योजनामा वजेट विनियोजन गर्दा स्थानिय तहसँग आवश्यक समन्वय गरिनुपर्ने ।
- लमजुङ्ग जिल्ला र मनाङ जिल्ला जोडने अति महत्वपूर्ण मोटर बाटो (डुम्रे- बेसिसहर- चामे मोटर बाटो) हालैका बर्षाका कारण ठाऊँ ठाऊँमा पहिरो गै क्षत बिक्षत भै अवागमन अवरुध्द भएका कारण तुरुन्त संचालन गर्न पहल हुनुपर्ने र घोप्टेभिरको काभ्रेखोलामा तत्कालै बेलीव्रीज तथा अन्य बैकल्पिक व्यवस्था को माध्यमबाट तत्काल यातायात संचालन गर्नुपर्ने ।
- म्याग्दी जिल्ला र मुस्ताङ जिल्ला जोडने अति महत्वपूर्ण मोटर बाटो (बेनी -जोमसोम मोटर बाटो) हालैका बर्षाका कारण ठाऊँ ठाऊँमा पहिरो गै क्षत बिक्षत भै अवागमन अवरुध्द भएका कारण तुरुन्त संचालन गर्न पहल हुनुपर्ने

निश्कर्ष :-

संघ, प्रदेश र स्थानीय तह गरी ३ तहका सरकारहरु सञ्चालनमा छन्। यद्यपि निर्माण कार्यहरु आवश्यकता अनुरुप तिव्र गतिमा अघि बढ्न सकिरहेको छैन। त्यसैले संघ प्रदेश र स्थानीय तहले एक आपसमा समन्वय गरेर विकास निर्माण कार्यलाई तिव्रता दिनु आजको अपरिहार्य आवश्यकता देखिन्छ।

बर्षाका कारण म्याग्दी र लमजुङ्ग जिल्लामा भएको धनजनको क्षति र पुर्वाधार बिकासका योजनाहरुमा पर्न गएको नकारात्मक असर र सो सँग सम्बन्धित समस्याहरु समाधानका लागि सोकारवालाहरु सँग आपसि छलफल हुनु आवस्यक देखिन्छ। बेनी -जोमसोम सडक खण्डमा पर्ने म्याग्दीको रघुघाट खोला र बेसिसहर- चामे सडक खण्डमा पर्ने लमजुङको घोप्टेभिरको काभ्रेखोलामा बाटो अवरुद्ध हुदा त्यहाँका जनताको आवागमन तथा दैनिक जनजिवनमा समेत प्रत्यक्ष असर परिरहेको छ। उक्त स्थानहरुमा तत्कालका लागि बेलिब्रिज निर्माण गरी वा अन्य कुनै वैकल्पिक व्यवस्था गरी

यातायात संचालन गर्नुपर्ने देखिन्छ। विकास निर्माण कार्यलाई तिव्र र प्रभावकारी बनाउनका लागि बिभिन्न योजनाका लागि विनियोजन गरिएको बजेट केन्द्र सरकार र प्रदेश सरकारले समयमा नै निकासा गरिदिनु आवश्यक छ। विकास निर्माणको कार्य अगाडी बढाउँदा संघ र सथानीय तहसँग आवश्यक समन्वय गर्ने साथै स्थायी रुपमा समाधान खोज्ने तर्फ प्रदेश सरकारको विशेष ध्यान जान जरुरी छ। योजनाका बारेमा सम्बन्धित कार्यालयहरुलाई  समयमा नै जानकारी गराउन तथा योजना अनुगमन गर्ने तर्फ पनि प्रदेश सरकार कृयाशिल हुनु आवश्यक छ ।

लमजुङ्ग जिल्ला र मनाङ जिल्ला जोडने अति महत्वपूर्ण मोटर बाटो (डुम्रे- बेसिसहर- चामे मोटर बाटो)र म्याग्दी जिल्ला र मुस्ताङ जिल्ला जोडने अति महत्वपूर्ण मोटर बाटो (बेनी -जोमसोम मोटर बाटो) संघीय सरकारको नेतृत्वमा निर्माण भएतापनि उक्त स्थान गण्डकी प्रदेश सरकारको क्षेत्र भित्र पर्दछ। यसबाट प्रत्यक्ष लाभान्वित हुने नागरिक गण्डकी प्रदेशकै नागरिक हुन्। र यसैले गण्डकी प्रदेशको आर्थिक गतिविधिमा समेत प्रत्यक्ष वा परोक्ष रुपमा प्रभाव पारिरहेको छ। त्यसकारण उक्त कार्य गण्डकी प्रदेश सरकारको दायित्व भित्र पनि पर्नु पर्दछ। अन्तर्गत पर्नु पर्दछ। संघ, प्रदेश र स्थानीय सरकार साथै नागरिकहरुको समेत आवश्यक समायोजनद्वारा क्षतिग्रस्त बाटो पुनः निर्माण गरी यथाशीघ्र सञ्चालन गर्न सकिने समितिको निष्कर्ष रहेकोले प्रदेश सरकारले संघीय सरकारसँग आवश्यक पहल र समन्वय गरी अवरुद्ध बाटो पुनः सञ्चालनमा ल्याउन साथै निर्माणाधिन दुवै सडकहरु गुणस्तरीय एवं समयमा सम्पन्न गर्ने विशेष पहल गर्नु पर्ने देखिन्छ ।

<u>लमजुङ्ग जिल्ला -</u>

अर्थ तथा विकास समितिले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न कामहरु सम्पादन गर्ने क्रममा मिति ०७७/०४/१५ गतेको निर्णय बमोजिम मिति २०७७/०४/२६ गते देखि २७ गते सम्म लमजुङ्ग जिल्लामा हालैको अविरल बर्षाका कारण भएको धन,जन, पुर्वाधार बिकासका योजनाहरुमा पर्न गएको क्षतिको अनुगमन गरि सम्बन्धित सरोकारवालाहरुको राय, सूझाव संकलन गरी लमजुङ्ग जिल्लाका सम्बन्धित निकायहरुलाई आवश्यक निर्देशन दिने र सो सम्बन्धमा अर्थ तथा विकास समितिमा व्यापक छलफल गरी गण्डकी प्रदेश सरकारलाई आवश्यक राहतका लागि समितिका सभापति माननीय दीपक कोइरालाको नेतृत्वमा निर्देशन गर्न तपसिलका माननीयहरुको संलग्नता रहेको थियो ।

| | | |
|---|---|---|
| मा. श्री दिपक कोईराला | - | अर्थ तथा विकास समिति, सभापति |
| मा. श्री डोवाटे बिश्वकर्मा | - | अर्थ तथा विकास समिति, सदस्य |
| मा. श्री सरिता गुरुङ्ग | - | अर्थ तथा विकास समिति, सदस्य |
| मा. श्री हरिशरण आचार्य | - | अर्थ तथा विकास समिति, सदस्य |

मा. श्री मधुमाया अधिकारी, गुरुङ्ग — प्रदेश सभा सदस्य, गण्डकी (आमन्त्रित)

कर्मचारीः-

| | |
|---|---|
| श्री सिर्जना शर्मा | -अर्थ तथा विकास समिति, सचिव |
| श्री तोयनाथ तिमिल्सिना | -अधिकृत कर्मचारी |
| श्री घनश्याम पाण्डे | -स्वकीय सचिव (सभापति) |
| श्री शुक बहादुर थिङ ,तामाङ्ग | -ह.स.चा. |
| श्री भिम बहादुर कामी | -ह.स.चा. |

अनुगमनको उद्देश्य

- लमजुङ्ग जिल्लामा यसै बर्षको अबिरल बर्षाका कारण त्यहाँका बिकास योजना र धन,जनमा पर्न गएको क्षतिको अवस्थाको बिषयमा स्थलगत अध्ययन, निरिक्षण र जाँचपड्ताल गर्ने,
- यसै बर्षको अबिरल बर्षाका कारण त्यहाँका बिकास योजना र धन,जनमा पर्न गएको क्षतिको अवस्थाको बिषयमा छलफल गरि आईपरेका समस्याहरुका समाधानका वारेमा सरोकारवालाहरु सँग राय सुझाव लिने,
- योजनाहरुको कार्यसम्पादनको अवस्थाको बिषयमा स्थलगत अध्ययन, निरिक्षण, जाँचपड्ताल र अन्तर्कृयाको क्रममा स्थानीय जनताहरु, जनप्रतिनिधिहरु र सरोकारवालाहरु बाट प्राप्त गुनासो, राय, सुझाव संकलन गरी गण्डकी प्रदेश, प्रदेश सभा, अर्थ तथा विकास समितिमा प्रस्तुत तथा छलफल गरी प्रदेश सरकार समक्ष पेश गर्ने,

स्थलगत अध्ययन तथा अनुगमन

गण्डकी प्रदेश, प्रदेश सभा,अर्थ तथा विकास समितिको निर्णय बमोजिम गठित यस कार्यदलका संयोजक मा. श्री दिपक कोईरालाको नेतृत्वमा कार्यदलका सदस्यहरु मिति २०७७/०४/२६ गते बिहान ६:०० बजे प्रदेश सभा सचिवालयको प्राङ्गणबाट तोकिएको कार्यक्षेत्र लमजुङ्ग जिल्ला तर्फ लागेर डुम्रे- बेसिसहर- चामे मोटर बाटो लगायतका विभिन्न योजनाको अनुगमन बेशीशहरमा बास बस्नुभयो।

लमजुङ्ग जिल्ला प्राकृतिक रुपमा अति सुन्दर छ। त्यहाँका जनताहरु जिल्लाको विकास निर्माणका लागि अति नै लागिपरेका छन। जसमा सबै प्रकारका आवश्यक सहयोग पुर्याउनु प्रदेश सरकार लगायत सरोकारवाला सबैको जिम्मेवारी र दायित्व हुन आउँछ ।

भोलिपल्ट मिति २०७७/०४/२७ गते अनुमगन टोलीले लमजुङ्ग जिल्लामा रहेका बिभिन्न बिकास निर्माणका योजनाहरुको बिषयमा स्थानीय जनप्रतिनिधि तथा सरोकारावालाहरु सँग अन्तर्क्रिया गर्यो । कार्यक्रमको विषय र उद्देश्य माथि कार्यक्रमका सभापति मा. दिपक कोईरालाले प्रकाश पार्नुभएको थियो भने सो बारेमा माननीय श्री डोवाटे बिश्वकर्मा,माननीय श्री सरिता गुरुङ्ग, माननीय श्री हरिशरण आचार्य र श्री मधुमाया अधिकारी, गुरुङ्गले पनि सहजिकरण गर्नुभएको थियो । उक्तः कार्यक्रममा स्थानीय जनप्रतिनिधि, कार्यालय प्रमुख ,स्थानीय पत्रकारहरु र सरोकारवालाहरुको उपस्थिति रहेको थियो ।

लमजुङ्ग जिल्लामा गण्डकी प्रदेश सरकारको अनुदानमा संचालित तपशिल अनुसारका योजनाहरुको अनुगमन गर्ने काम भयो ।

१) मर्स्याङ्दी जलबिद्युत बाँधको अनुगमन, निरिक्षण ।

२) मर्स्याङ्दी गाउँपालीकाको अनुगमन, निरिक्षण । गा.पा.अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत सँग आपसी छलफल।

३) लमजुङ्ग जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री कृष्ण प्रसाद शर्मा सँग जिल्लाका बिभिन्न बिकास निर्माणका कार्यक्रम, कोरोना नियन्त्रण,शान्ति सुरक्षाका बिषयमा आपसि छलफल।

४) डुम्रे- बेसिसहर- चामे मोटर बाटो (सडक)मा बर्षाका कारण पर्न गएको क्षतिको अनुगमन, निरिक्षण।

५) मर्स्याङ्दी गा.पा.को पल्लोटारीमा रहेको दलित बस्तिका २१ घर बाढी, पहिरोले बगाएर लगेकोले जनता बिस्थापित भएका ।

<u>प्राप्त सल्लाह, सुझाव र निश्कर्ष</u>

प्राप्त सल्लाह /सुझाव :-

- प्रदेश सरकारबाट रकम विनियोजन भएका योजनाहरुको बारेमा समयमा नै सम्बन्धित कार्यालयलाई सुसूचित गराऊँदा राम्रो हुनेछ।
- लमजुङ्ग जिल्ला र मनाङ जिल्ला जोडने अति महत्वपूर्ण मोटर बाटो (डुम्रे- बेसिसहर- चामे मोटर बाटो) हालैका बर्षाका कारण ठाऊँ ठाऊँमा पहिरो गै क्षत बिक्षत भै अवागमन अवरुध्द भएका कारण तुरुन्त संचालन गर्न पहल हुनुपर्ने र घोप्टेभिरको काभ्रेखोलामा तत्कालै बेलीब्रिज निर्माण गरि यातायात संचालन गर्नुपर्ने ।
- प्रदेश सरकार बाट बजेट कम आएको छ, वढाउनुपर्छ ।

- प्रदेश सरकारले विकास योजनामा वजेट विनियोजन गर्दा स्थानिय तहसँग समन्वय गरिदिनुपर्यो
- कोरोना रोग नियन्त्रणका लागि गण्डकी प्रदेश सरकारले थप प्रयास गर्नुपर्ने ।

<u>निष्कर्ष :-</u>

बर्षाका कारण लमजुङ्ग जिल्लामा भएको धनजनको क्षति र पुर्वाधार बिकासका योजनाहरुमा पर्न गएको नकारात्मक असर र सो सँग सम्बन्धित समस्याहरु समाधानका लागि सोकारवालाहरु सँग आपसि छलफल हुनु आवस्यक देखिन्छ। लमजुङ्ग जिल्ला र मनाङ जिल्ला जोडने अति महत्वपूर्ण मोटर बाटो (डुम्रे- बेसिसहर- चामे मोटर बाटो) हालैका बर्षाका कारण ठाऊँ ठाउँमा पहिरो गै क्षत बिक्षत भै अवागमन अवरुध्द भएका कारण तुरुन्त संचालन गर्न पहल गरिनुपर्छ । घोप्टेभिरको काभ्रेखोलामा तत्कालै बेलीब्रिज निर्माण गरी यातायात संचालन गर्नुपर्ने देखिन्छ ।

बिभिन्न कार्यालयका लागि विनियोजन गरिएको बजेट केन्द्र सरकार र प्रदेश सरकारले समयमा नै निकासा गरिदिनु आवश्यक छ । प्रदेश सरकारले विकास योजनामा वजेट विनियोजन गर्दा स्थानिय तहसँग समन्वय गरिदिनुपर्छ र योजनाका बारेमा सम्बन्धित कार्यालयहरुलाई समयमा नै सुसूचित गराईदिनुपर्छ, योजना अनुगमन गर्ने तर्फ प्रदेश सरकार पनि कृयाशिल हुनु आवश्यक छ । सबैले आ-आफ्ना स्थानबाट सुशासनमा जोड दिन सकियो भने भ्रष्टाचार स्वतः न्यूनिकरण हुनसक्छ । सरकारका सबै तहका कार्यालयहरुमा सुशासन कायम भएको जनताले अनुभूति गरेको हुनुपर्छ । बढि भन्दा बढि नागरिकलाइ सुशासन कायम गर्ने कार्यतर्फ सहभागिता गराइयो भने भ्रष्टाचार न्युनिकरण गर्न सकिन्छ ।नेपाल सरकारले राष्ट्रको समग्र बिकासको लागि लिएको " **संवृध्द नेपालः सुखी नेपाली** " भन्ने नारा सहितको पवित्र लक्ष लाई गण्डकी प्रदेश सरकारले पनि अगाडि बढाउन र सार्थक बनाउन पुरा सहयोग मिल्नेछ।

## परिच्छेद - ३

# निर्णय/निर्देशन कार्यान्वयन सम्बन्धी

### ३.१ निर्णय/निर्देशन कार्यान्वयनको अवस्था

समितिले आफ्नो कार्यक्षेत्र भित्रका आवश्यक विषयमा विभिन्न निर्णय लिने र निर्देशनहरु दिने गरेको छ । यसरी लिइएका निर्णयहरु एवं दिइएका निर्देशनहरु मध्ये केही कार्यान्वयन भएको अवस्था छ भने केही निर्णय तथा निर्देशनहरु कार्यान्वयन हुने प्रक्रियामा रहेका छन्। समितिबाट हालसम्म भएका निर्देशन र तिनको अवस्थालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

| क्र.सं. | निर्णय निर्देशन | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १ | गण्डकी प्रदेशको भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई अविरल वर्षाका कारण प्रदेशभर कृषि क्षेत्रमा पुर्याएक क्षति र राहत सम्बन्धमा निम्न सुझाव तथा निर्देशन दिइएको-<br>• बाढि पहिरोका कारण कृषि क्षेत्रमा पुगेको क्षतिको यथाशीघ्र तथ्याङ्क संकलन गरी कृषकलाई अविलम्व राहत वितरण गर्नुपर्ने<br>• साना सिचाइ तथा विग्रेका कुलो नहरहरुको मर्मत कार्य Fast Track बाट गर्नु पर्ने | आंशिक कार्यान्वयन |
| २ | आगामी आर्थिक वर्षको कार्यक्रममा अघिल्ला वर्षका अधुरा योजनाहरुलाई निरन्तरता दिदै आवश्यकताका आधारमा प्रदेश भित्र समानुपातिक रुपले विकास गर्ने गरी कार्यक्रम बनाउन निर्देशन गरियो। | आंशिक कार्यान्वयन |

## ३.२ कार्य सम्पादनमा देखा परेका समस्या

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालयमा आवश्यक पर्ने आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको कमि रहेको। जसका कारण समितिको कार्य सम्पादनमा असहजता आएको छ।
- समितिको काम कारवाहीलाई पूर्ण रुपमा प्रविधि मैत्री बनाउन सकिएको छैन ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि पर्याप्त भ्रमण, अध्ययन, तालीम आदि उपलब्ध हुन सकेको छैन ।

परिच्छेद - ४

# निष्कर्ष, सुझाव तथा सिफारिस

## ४.१ निष्कर्ष

नेपालको संविधानको धारा १९३ मा रहेको व्यवस्था र गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १५१ मा उल्लेखित काम कर्तव्य र अधिकारको सीमा भित्र रही यस समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतका निकायहरु आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयसंग सम्बन्धित विषयमा आवश्यकता अनुसार भूमिका निर्वाह गरिरहेको छ । सम्बन्धित मन्त्रालयहरुलाई आफ्नो नीति योजना र कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा आवश्यक राय सल्लाह तथा निर्देशन प्रदान गरी यस समितिले सरकारका क्रियाकलापलाई उत्तरदायी र जवाफदेही बनाउने प्रयास गर्दै आएको छ ।

## ४.२ सुझाव तथा सिफारिस

- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने समिति सभाकक्ष, सभापतिको कार्यकक्ष र समिति सचिवालय लगायतमा आधुनिक पूर्वाधारयुक्त भौतिक स्रोत साधनको व्यवस्था हुनु पर्ने ।
- समितिको काम कारवाहीलाई पूर्ण रुपमा प्रविधि मैत्री बनाउनु पर्ने ।
- समितिको काम कारवाहीलाई प्रभावकारी बनाउन सचिवालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई नियमित रुपमा क्षमता अभिवृद्धिका कार्यक्रमहरुमा सहभागी गराउनु पर्ने।
- समितिका सदस्य एवं कर्मचारीहरुलाई पर्याप्त मात्रामा अध्ययन/भ्रमण, अन्तर्क्रिया/छलफल लगायतका पर्याप्त कार्यक्रम बनाउनुपर्ने ।
- समितिका माननीय सदस्यहरु तथा कर्मचारीहरुका लागि आवश्यक अध्ययन अवलोकन भ्रमण, तालीम आदि उपलब्ध गराउनु पर्ने ।
- समितिको कार्यक्षेत्र सँग सम्बन्धित मन्त्रालयहरुका माननीय मन्त्रीज्यूहरुलाई समितिमा मताधिकार सहित पदेन सदस्यको रुपमा राखिएकोमा पदेन सदस्यको रुपमा मात्र राखिनुपर्ने।

# अनुसूचीहरु

## अनुसूची - १

### " अर्थ तथा विकास समितिको कार्यविधि, २०७५"

**प्रस्तावना**

नेपालको संबिधानको धारा १९३ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ को व्यवस्था बमोजिम गठन भई गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४६ को व्यवस्था अनुसारको अधिकार प्रयोग गर्ने गरी कार्य गर्न कार्यविधि बनाई लागू गर्न आवश्यक भएकोले यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "**अर्थ तथा विकास समिति कार्यविधि, २०७५**" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "सभापति" भन्नाले अर्थ तथा विकास समितिको सभापतिलाई सम्झनु पर्दछ ।

ख) "समिति" भन्नाले अर्थ तथा विकास समिति लाई सम्झनु पर्दछ ।

ग) "उपसमिति" भन्नाले यस, अर्थ तथा विकास समिति अन्तगत गठित उपसमितिलाई सम्झनु पर्दछ।

घ) "बैठक" भन्नाले समितिले औपचारिक रुपमा आयोजना गर्ने कुनै पनि बैठकलाई सम्झनु पर्दछ।

ङ) कार्यदल भन्नाले अर्थ तथा विकास समिति बमोजिम गठित कार्यदल सम्झनु पर्दछ ।

च) "सचिव" भन्नाले अर्थ तथा विकास समितिको सचिवलाई सम्झनु पर्दछ ।

छ) "सरकार" भन्नाले प्रदेश सरकारलाई बुझिन्छ ।

ज) "मन्त्रिपरिषद्" भन्नाले प्रदेश सरकारको मन्त्रिपरिषद्लाई सम्झनु पर्दछ ।

३. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

१) प्रदेश मन्त्रालय, विभाग र अन्रतगतका निकायहरुको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन लगायतका क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने, समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको प्रतिबेदन प्रदेश सभाको बैठकमा पेश गर्ने ।

२) मन्त्रालय, विभाग र अन्तर्गतका निकायहरुको राजश्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति मितव्ययी गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको प्रतिवेदन सभामा पेश गर्ने ।

३) मन्त्रिपरिषद्का सदस्यहरूले सरकारको तर्फबाट सभामा समय—समयमा दिएका आश्वासनहरूलाई पूरा गर्न प्रदेश सरकारद्वारा के—कस्ता कदमहरू उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

४) विषयसँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने र सभामा प्रतिवेदन पेश गर्ने,

५) सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप भए गरेका काम कारबाही बारे छलफल गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने,

६) सरकारद्वारा समय—समयमा गठन हुने छानविन आयोग/समिति र जाँचबुझ आयोग/समितिहरुद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

७) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

८) माथि उल्लिखित खण्डहरू बमोजिम कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभागका प्रतिनिधिहरू र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरूसँग समेत विचारको आदान—प्रदान गर्ने ।

४. समितिको बैठक :

(१) समितिको बैठक सभापतिले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) समितिको निर्णय सभापतिद्वारा प्रमाणित गरिनेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५. बैठक संचालन : (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यबाट हुनेछ । यसरी जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) समितिकोे गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक चौथाई हुनेछ ।

(३) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा समितिको तत्काल कायम रहेको सदस्य संख्याको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(४) बैठक तोकिएको मिति र समयमा बस्नेछ ।

(५) बैठकको शुरुमा नै कार्यसूचीमा परेका बिषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी बैठकको समायावधि तय गरिनेछ । आवश्यकता अुनसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(६) बैठकको बिषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोवाइल वा संचार सेटलाई आफ्नो अनुकुल व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ ।

६. काम कारवाही गोप्य राख्ने : समितिले आफनो कार्य क्षेत्रभित्रको कुनै काम, कारवाहीको प्रकृति र विषयको गाम्भिर्यतालाई दृष्टिगत गरी गोप्य राख्नु पर्ने आवश्यक सूचना गोप्य राख्न सक्नेछ।

७. उपसमिति तथा कार्यदल गठन गर्न सक्ने :

क. समितिले आवश्यकता अनुसार उपसमिति तथा कार्यदलहरु गठन गरी काम गर्न सक्नेछ ।

८. बैठकमा पालना गर्नु पर्ने नियम : गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ बमोजिमका व्यवस्थाहरु समितिका सदस्यले पालना गर्नुपर्नेछ ।

९. कार्यविधिको पालना : यस कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. समितिको सचिवालयः समितिको सचिवालय प्रदेश सभा सचिवालयमा रहनेछ ।

११.स्रोत साधनको व्यवस्थापन :

क. समितिको लागी आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था प्रदेश सभा सचिवालयवाट हुनेछ ।

ख. समितिका माननीय सदस्यहरु तथा कर्मचारीले पाउने सेवासुविधा नियमानुसार हुनेछ ।

१२. विविध : (१) समितिले आफनो काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यतालिका निर्माण गरि लागु गर्न सक्नेछ ।

(२) समितिको कामकारवाहीमा सहयोग पुऱ्याउनु समितिका सदस्य तथा सरोकारवाला सबैको कर्तव्य हुनेछ ।

१३. अधिकार प्रत्यायोजन : यस कार्यविधि बमोजिम समितिले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सचिव वा अन्य कुनै अधिकृतले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

१४. संशोधन : समितिले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

# अनुसूची २

## विकास योजना अनुगमनका तस्वीरहरु



















